काल्पनिक तर बास्तवि हुनसकिने प्रेम र विछोड कथाबस्तुमा आधारित यस प्रेम-कथा अनायस कसैसंग मेलखाएमा यो थेच्वमि पूर्ण जिम्बेवार रहनेछ...।



# “साथीको ब्लफकल”



*लेखकः निलन कुमार थेच्वमि*
*E-mail: nilank44@hotmail.com*

कुरा आज भन्दा केही महिना अगाडिको हो । आजपनि उनको त्यो हाँसो, त्यो अनुहार खुम्चयाई जिस्काउने क्षण, अहिलेपनि मेरो अगाडीआएर घरी-घरी नाच्ने आउँछन् । अहिले पनि क्याम्पसमा जाँदा उनी पछि-पछि लागेको भाम हुन्छ । कहिले काहिं त उनीसंग कुरा गरी जिस्की-जिस्की बाटोमा हिंडेको त्यो घडि सम्झी अहिले पनि आफु एक्लै बरबराउन पुग्छु । मेरो प्राण भन्दा प्यारो मायाँलु, जुन जनम जनम संगै जिउने संगै मर्ने बाचा बाधि, घण्टौ-घण्टा क्लास नलिई “ती” विल्डिङ्गको  अगाडीको बगैचामा भविष्यका कुराहरु गरी रमाउने गर्थे ।

हामी यति धेरै खुशि थियौ कि, क्याम्पस हाम्रोलागी पढ्ने ठाउँ नभई भविष्यका मीठा-मीठा सपनाहरु देख्ने एउटा कल्पनाको संसार अथवा स्वर्गको बगैंचा थियो । हाम्रो यो नाता उनको परिवारलाई अलिअलि थाहाथियो भने मेरो परीवारबाट पूर्णरुपमा थाहा थियो । उनी घरमा आउँदा मैले आमालाई कुरा सबै बताएको थिएँ । आमा उनीप्रति खुशि थिइन् । आमा भन्नु हुन्छ, अब मामाघरमा बहिनीको विहे पछि, तिम्रो पनि सोचौंला भन्ने गर्नुहुन्थ्यो । बाबा त्यति घरमा रहनुहुन्न थियो । उहाँ अधिकांस ब्यापारको सिलसिलामा कहिले विराटनगर, कहिले विरगंन्ज, कहिले रक्सोल पुग्नु हुन्थयो । यसरी बाहिर धेरै व्यापारमा जानु पर्ने हुनाले बुबाले सजिलोहोस् भनि चितवन मामाघर नजीक एक घरकिनिराख्नु भएको थियो । म त्यहाँ पहिले कहिल्यै गएको थिइन् । हाम्रो चितवनको घर मामाघर नजीकनै थियो रे भनी बाबा भन्नु हुन्थ्यो । बाबा, अधिकांश बाहिरबाट सामान ल्याई काठमाण्डौको बिभिन्न् ठाउँमा दिनुहुन्थयो । मलाई पहिले पढाई पुरा गर भनेर क्याम्पस तिर पठाउनु भएको थियो ।

आमाले मलाई पहिलेनै भनिरहेकी थिईन् कि, मामाछोरीको विहे आउनै लागेको छ । यसपाली हामीसबै त्यहिं हप्तादिन जति बस्न जानुपर्छ । तर मलाई सानु छोडेर जान पटकै मन लागेको थिएन । मलाई कल्पना हुन्छ कि, बरु सानुलाई पहिले विहेगरेर संगै जानपाए कति रमाईलो हुन्थयो होला । तर के गर्ने आमाले पहिलेनै भनेको थियो कि, मामाघरमा बहिनीको विहे पछि मेरोपनि विहे गरिदिने.... । घरमा वहिनीको अन्तिम जाँच चल्दै थियो । बहिनीले  मामाघरमा नजाने निर्णय लिइन । तर म जान चाहन्थें । म मेरो नयाँ घर पनि हेनजान चाहन्थें ।घरमा वहिनीलाई मात्र राखेर आमा, बाबा र म चितवन गयौं । मैले सानुलाई चितवन जानुअघि धेरै पटक भेट्न कोशिष गरेंको थिएँ तर जहिले फोन गरेपनि उनी साथीहरुकहाँ बाहिर गईरहेको मात्र उत्तर पाउँथें । मलाई शंका लाग्छ, कि उनलाई घरमा आमाबाबाले त रोकेको हैन? तर घरमा अस्ति जाँदा त राम्रै जस्तो लागेको थियो । म आमा बाबा र आफ्नो सरसामान मिलाउदा मिलाउँदै उसको घरमा जान पाईन् । मैले उनीलाई पहिलेनै भनिरहेको थिए कि, मामाघरमा बहिनीको विहे पछि मेरो पनि तिमीसित हुनेछ भनेर । त्यसैले म एक/दुई हप्ता चितवन मामाघर जान्छु र त्यहि घुमफिर गर्न बस्छु होला । म तिमीलाई त्यहिंबाट भएपनि फोन गर्छु । उनी विना त बाँच्ने मेरो, अहँ म सक्दिनथ्यो.. तैपनि म उनलाई छोडेर मामाघर गएँ ।

घरमा बहिनी एक्लै भएको हुनाले आमा र बाबा छिटै मामाघरबाट फर्कनु भयो, तर म धेरैवर्ष पछि गएको हुंनाले अझ केहीदिन बस्ने विचार गरेको थिए । म चितवन पुग्नासाथ सानुलाई दुई पटक फोन गरें तर पनि उनीलाई भेट्न भने सकेको थिइन् । अनि संका, उपशंकाले मेरो दिमागमा पौडिखेल्न थालिसकेको थियो । तर पनि आफ्नो मनलाई मामाघरमै थुनि, अनि त्यो नानाथरीकको कल्पना परिकल्पनालाई मामाघरको हरियालीमा भुलाई अझ केहीदिन बस्ने अठोट गरें ।

त्यो दिन म चितवन आएको चौधौं दिन थियो । बेलुका तिर काठमाण्डौबाट फोनआएको मैले मेरो मामाको सानोछोरी विजिता बाट थाहापाएँ । म हत्त न पत्त तल झरेर फोन उठाएँ, फोन सानुको थियो । मलाई अचम्म लाग्यो ओहो! सानुले कहाँबाट नम्बर पाएको रहेछ होला भने । उनी फोनमा रोई मात्र, उनले मात्र दुईशब्द बोलिन कि, साजन तिमीले यो के गरेको? उनी फोनमै रोईरहीन् केही नबोलि फोन राखेको जस्तो लाग्यो । मलाई त्यो रात काट्न निकै गाह्रो लाग्यो । मैल धेरै सोचेँ, किन उनी यसरी रोईन, मैले के पो विराएँ होला?

म विहानको बस चढेर मामाघरबाट घरतिर आएँ । मलाई घरमा पुग्न साह्रै गाह्रो भयो । बसमा वीच वीचमा जाम हुने गरेकोले घरमा राति करीब ८ बजेतिर पुगें । घरमा पुग्नासाथ बहिनीले मेरो सिरानीमुनी कसैको निमन्त्रणा कार्ड आएको छ । मैले कोठामा राखिदिएको छु भन्यो । म घरमा पुग्नासाथ जुत्तानै नखोलि कोठामा पुगेर हतार-हतारमा कार्डखोली हेरें । मैले त्यो कार्ड राम्ररी पढ्न सकीन्, कार्डमा सानुको फोटो थियो । मेरो मुटूमा पहिरोको ढिस्काले थिचेको जस्तो भयो । बहिनी ढोकामा थिइन् , आमा माथि भान्छामा हुनुहुंदोरहेछ । म रुन पुगेको रहेछु । त्यो क्षण मैले रोएको कुनै कसैको घरमा कोही मरेकोबेला रुने जस्तो स्वर थियोरे भनेर बहिनी भन्नुहुन्थयो । मैले केही देखेको थिएन्, खालि उनको फोटो विहेको रातो निमन्त्रणा कार्डमा छापेको मात्र देखें । म रुँदारुदै सुतेको रहेछ, मैईले केही पत्तो पाइन् । विहान उठ्दा मलाई बहिनीले भनेको थियो । त्यो विहानीको सुर्यको किरण पनि हेर्न चाहन्न थें । तर आमा मेरो कोठामा आएर रुनु भयो । मलाई सम्झाउदै, आफुलाई सम्हाल, त्यस्ता केटीहरुत कति आउछ कति भनि सम्झाउनु भयो । मैले मेरो मूटुबाट बगेको आँशु रोक्न सकेन । बहिनी बोल्दै गईन, दाइ सानुले तपाईलाई कति फोनगर्छु खोई कसैले फानेमा बोलाईनै दिदैन भन्थिन । नम्बर मिलेन कि, भनि २पटक त नम्बर लिन आएकी थिईन् । उनी पहिलेनै म कहाँ आएको बेला रुँदै घर फर्कनु भएको थियो । तर किन हो किन मलाई थाहा छैन् सानुले मलाई सोधेको पनि थियो कि, के दाई विहेको निमित्त जानुभएको हो भनि? तर मलाई यस्तो हुन्छ भनेर के थाहा? दोस्रो पल्ट आउँदा उनले मलाई दाई विहेको मण्डपमा बसिरहनु भएको छ भरे उठ्नु हुंदैन भनेर एउटी सानो फुच्चीको आवाजमा उत्तर पाएँ भनी रुँदै गएकि थिईन् ।

दिन वित्दै गयो.. । म एक हप्तासम्म कोठाबाट बाहिर निस्किन् । मेरै क्याम्पसको साथी सुजन मेरो कोठामा एक्कासी आएर रुन थाल्यो । सुजन रुँदै बोल्दै गयो, साजन मलाई माफ गर, म जस्ता साथीलाई तिमीले जे सजाए दिएपनि पाप लाग्दैन् । साजन, म तिम्रो जन्म जन्मान्तरको पापि दोषि साथी हुं, तिमी जे सजाय दिएपनि म भोग्न तयार छु तर म तिमीहरु दुईजनालाई छुट्याउन खोजेको हैन् तर संयोगबस यस्तो दैबी प्रकोप भन्दा भयानक पहिरो तिम्रो जीन्दगीमा आएर गिर्‍यो । यसमा तिम्रो र सानुको केही गल्ति छैन् । मात्र मैले गरेको फोनको प्रतिउत्तर मात्र हो । मलाई सजाय देऊ मलाई सजायँ देऊ यो, साथीलाई कहिले साथी नभन भनी रुनथाले । मैले एकछिनत उनले बोलेको कुरा कुनैपनि बुझेको थिइन् । तर उसले भन्दै गयो, साजन तिम्रो त्यो अपार मायामा मैले टकारो हान्नत खोजेको हैन् तर भन्छन् माया छिनभरीको लागीमात्र गरीन्छ । यो त एक क्याम्पसलाईफमा टाईमपास मात्रै हो भन्छन् । त्यसैले मैले मेरो यो कुविचारले तिमीहरुको एकअर्का प्रतिको मायाँ कत्तिधेरै छ भनी जाँच्नको लागी तिमी गएको त्यस्तै एकहप्ता पछी सानुलाई तिम्रो बारेमा केही भनीदिएको मात्रै थियो । मैले उनीलाई अब, साजन त्यहाँ बाट हतपत फर्कदैन् । उ त त्यहाँ मामाघर संगैको केटीसंग विहेगर्न गएको । के तिमीलाई उसले विहे गर्छ भनेर अस्ति मलाई

क्याम्पसमा भनेको थियौ हैन? अब हेर उ केही दिनपछि अर्की एक साथीसंग तिमीलाई भेट्न आउने छ । सानु, नपत्याए फोन गरेर पनि सोध्न सक्छौ तिमी.....। मलाई पनि साजनले निम्तो दिएको थियो तर घर को परीस्थितिले म जान सकेन् । अनि तिमीलाई केही भनेनन्?, सुजन बोल्दै गयो, मैले उनीलाई त्यतिकै जिस्क्याउन मात्र फोन गरेंको थिएँ । तर आज त्यो एककल फोनले तिमीहरुको जीन्दगीमा यतिधेरै दुख, विछोड ल्याउँछ भनेर सोचेको पनि थिएन् ।

मैले उनको कुरा सुनेर आफ्नो मनलाई काबुमा राख्न सकिन, उनी क्याम्पसमा हाँसी हासी मलाई जिस्क्याउने अनुहार मेरो सामू आएर रुदै गुहारिएको जस्तो लाग्यो । मैले सुजनलाई अनायास एक थप्पड दिएको रहेछु । त्यो क्षण पनि मलाई थाहै थिएन् तर पनि सुजन रुँदै मसंगै बसिरहेको थियो ।

हुन पनि जिन्दगीले यस्तो ठग्दोरहेछ । अनि कसैको एक ब्लफकलले कसैको जीन्दगीमा यतिधेरै परिवर्तन गर्दो रहेछ । सानुको पनि के दोष, हुन पनि उनीले मलाई फोन गरेको रहेछ, तर म मामाघरमा बहिनीको स्वयम्बरमा भिनाजु संगै साथीजस्तो भएर बसिरहेको थिएँ । यो क्षणमा पनि काठमाण्डौबाट फोनआएको थियो भनी मामाकी सानीछोरीले भनेको त थियो तर दाजु अहिले उठेर आउन हुन्न उहाँ स्वयम्बहरमा वसिरहनु भएको छ भनी बहिनीले भनेकी रहेछ । आखिर सानुलाई के थाहाँ त्यहां मेरो हैन् मामाछोरी बहिनीको विहे भैरहेको..... । तर म सानुलाई घृणा गर्दिन् । अझ उनको जीन्दगीले सधैं सफलता पाईरहोस्, आखिर उनले पनि मलाई नपाए पनि एक अरुको सेवा गर्ने डाक्टर लोग्ने त पाएकी छ । सानुले पनि चाहेरे डाक्टर संग विहे गरेको रहेनछ । उनले घरको प्रेसमा बाध्यताबस विहेगर्नु पर्ने भएको रहेछ । सानुका अनुसार मसंग विहेगरीदिन उनको आमाबुबाको पनि राजी थिए । तर के गर्ने तिमीले विहेगरीसको कुरा घरमा आमाबुबाले पनि थाहापाउनु भयो । त्यो माथि मलाई घरमा विहेको निमित्त माग्न आईरहेको थियो । तिम्रो फोन आएको तर घरबाट छैन भनेर मलाई भेट्न नदिएको पनि घरमा बाबाले नै हो भनेर सानुको मुखबाट फोन मार्फत जवाफ पाएँ । आखिर म नै ढिलो भएर हो । उनीको विहे म यहाँ आईपुगेको मात्र एकदिन अघि भएको रहेछ ।

मैले जीन्दगीलाई अब कसरी अगाडि बढाउने भन्ने कुरा मनमा सोच्नै सकिन् । उनी जति मबाट टाढिदै गईन् मेरो उनी प्रति मायाँ झन बढेको जस्तो लाग्यो । म उनीलाई अझैपनि चाहन्छु । तर के गर्ने भाग्यले हामीलाई मिलन हुनबाट रोकिदियो । मलाई अहिले पनि रिस उठ्छ त्यो कसैलाई ब्लफकल हान्नेहरु देखेर ...। के यो फोनमा रमाईलो गरी कसैको जीन्दगीसंग खेलवाड गर्नु ठीक कुरा हो? यस्तो फोन गर्नेहरु आफैलेपनि सोच्नुपर्ने कुरा हो । तर कसैको साथीले मायाँ जाच्न कसैलाई ब्लफकल गर्नु पनि राम्रो कुरो हैन् । माया गर्नेले थाहाहुन्छ, कस्को माया को संग बढि छ भनेर तर यस्तो ब्लफकल विर्सेर पनि कसैसंग गर्नु हुंदैन् । के गर्ने अहिले पनि सानुको यादले मलाई कुनै काम नै गर्न दिन्न् । त्यो हासि खेलि बिताएको क्षण, अनि त्यो क्याम्पसको बगैंचामा देखेका सपना र कल्पनाहरु सबै भताभूंङ्ग भएको..। म त अझैपनि चाहन्छु तर के गर्ने उनी त अर्कैकी भैसकिन । तर अब केबल उनीलाई सुखै शुखले चारैतिर घेरेको देख्न पाउनु मेरो जीवनको एउटा लक्ष्य बनेको छ ।

प्यारा साथीहरु अबदेखी कसैलाई कसैलेपनि जानेर वा नजानेर र झुकिएर पनि यस्तो ब्लफकल कहिल्यै नगर्नु । गरेमा फेरीपनि कसैको केही खोसिने त हैन् होस् गर्नुस्....!